त्रिभुवनविश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय, बल्खु ।

## स्नातकोत्तर तह प्रथम वर्षको काठ्माण्डौ उपत्यका बाहिरका जिल्लाका परीक्षार्थीहरुको परीक्षा केन्द्र सम्वन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुरुप २०८० सालसाउन १५गते देखि सञ्चालन हुने स्नातकोत्तर प्रथम वर्षको मानविकी संकाय, शिक्षाशशास्त्र संकाय र व्यवस्थापन (MBS & MPA) संकाय अन्तर्गतका **आंशिक तथा प्राइभेट आंशिक** परीक्षा दिने परीक्षार्थीहरुको परीक्षा केन्द्र निम्नानुसार निर्धारण गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा समय: १२:०० बजे देखि ४:०० बजेसम्म

१) **शहिद स्मारक कलेज, कीर्तिपुर परीक्षा केन्द्र,** :-

मानविकी संकाय अन्तर्गत परीक्षादिने काठ्माण्डौ उपत्यका लगायत उपत्यका बाहिरका सम्पूर्ण परीक्षार्थीहरु ।

२) **एम्बिसन कलेज, मध्य बानेश्वर, परीक्षा केन्द्र,** :-

शिक्षाशास्त्र संकाय अन्तर्गत परीक्षा दिने काठ्माण्डौ उपत्यका लगायत उपत्यका बाहिरका सम्पूर्ण परीक्षार्थीहरु ।

३) **सानोठिमी क्याम्पस, सानोठिमी परीक्षा केन्द्र** :-

व्यवस्थापन संकाय अन्तर्गत MBS को परीक्षादिने काठ्माण्डौ उपत्यका लगायत

उपत्यका बाहिरका सम्पूर्ण परीक्षार्थीहरु र MPA को परीक्षादिने रोल नं. ९६२०००१ देखि ९६२०६६७ सम्मका परीक्षार्थीहरु ।

४) **जनमैत्री क्याम्पस, कुलेश्वर, परीक्षाकेन्द्र**:-

व्यवस्थापन संकाय अन्तर्गत MPA को परीक्षा दिने रोल नं. ९६२०६६८ देखि ९६२१३३४ सम्मका परीक्षार्थीहरु ।

५) पद्म कन्या बहुमुखी क्याम्पस, बागबजार, परीक्षा केन्द्र :-

व्यवस्थापन संकाय अन्तर्गत MPA को परीक्षादिने रोल नं. ९६२१३३५ देखि ९६२२००० सम्मका परीक्षार्थीहरु ।

६) पाटन संयुक्त कँयाम्पस, पाटनढोका, परीक्षा केन्द्र :-

व्यवस्थापन संकाय अन्तर्गत MPA को परीक्षादिने रोल नं. ९६२२००१ देखिमाथिका सम्पूर्ण परीक्षार्थीहरु ।

दृष्टव्य

१.आंशिक परीक्षार्थी मात्र भएको र परीक्षार्थीको संख्या न्यून भएकोले परीक्षा केन्द्र संख्या सिमित गरिएका कारण तोकिएको केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिएमा उक्त परीक्षा स्वतःरद्द हुनेछ ।

२. मोबाइल फोन, डिजिटल डायरी जस्ता परीक्षामा निषेधित वस्तुहरु परीक्षा भवन भित्र साथमा लिई जानु पाइने छैन । अन्यथा केन्द्राध्यक्षले त्यस्ता सामान जफत गर्न सक्नेछ ।

३. परीक्षा केन्द्रमा नेपाल सरकारले तोकेको स्वास्थय मापदण्डको पूर्ण पालन गरी परीक्षा संचालन गर्न सूचित गरिन्छ । कोभिड संक्रमित परीक्षार्थीहरुको हकमा ७२ घण्टा भित्रको आधिकारीको प्रयोगशालाबाट प्रमाणित रिपोर्टको आधारमा मात्र छुट्टै कोठामा राखी परीक्षामा सहभागी गराउनु पर्नेछ ।

४. केही परीक्षार्थीहरुको परीक्षा आवेदन फारम छुट हुन गएको भन्ने जानकारी प्राप्तभएकोले त्यस्ता परीक्षार्थीहरुलाई २०८० श्रावण १० गते भित्र दोब्बर दस्तुर सहित परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा फारम बुझाउन सूचित गरिन्छ ।

परीक्षा नियन्त्रक